# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहूँ
## गण्डकी प्रदेश, नेपाल

**प.सं./Ref. No.:- ०७७/०७८**
**च.नं./Des. No.** 286

फोन नं. ०६५-५७२४३६

मितिः २०७७/०५/२१

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

श्री जिल्ला प्रशासन कार्यालय, तनहुँ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, तनहुँ ।
श्री जिल्ला प्रहरी कार्यालय, तनहुँ ।
श्री ईलाका प्रहरी कार्यालय, भिमाद ।
श्री वडा कार्यालयहरु सवै (१-९), भिमाद ।
श्री सम्पूर्ण बैंक, वित्तीय तथा सहकारी संस्थाहरु, भिमाद ।
श्री भिमाद नगर उद्योग वाणिज्य संघ, भिमाद ।
श्री तनहुँ उद्योग वाणिज्य संघ, भिमाद बजार इकाई ।
श्री भिमाद यातायात प्रा.लि., भिमाद ।
श्री स्थानीय यातायात प्रा.लि., भिमाद ।

**विषयः आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगर क्षेत्रभित्र मिति २०७७/०५/०४ गते देखी वन्द रहेका सेवा प्रवाह तथा कार्यहरु अर्को व्यवस्था नभए सम्मका लागि सूचारु गर्ने भनी मिति २०७७/०५/२१ मा वसेको नगरकार्यपालिकाको वैठकवाट भएको निर्णय पाना १ यसैसाथ संलग्न राखि पठाइएको छ । सोको कार्यान्वयनमा आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ ।

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री भिमाद एफ.एम. भिमादः- सूचना प्रशारण गरिदिनु हुन ।

श्री रेडियो भिमादः सूचना प्रशारण गरिदिनु हुन ।

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## भिमाद नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी माहामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाइरस) को सङ्क्रमण पछिल्ला दिनमा छिमेकी पालिकाहरु तथा देशका विभिन्न स्थानमा समुदायस्तरमा समेत फैलिएको अवस्थालाई मध्यनजर गरी मिति २०७७/०५/०४ देखि यस नगरपालिका क्षेत्रमा वन्द रहेका सेवा तथा कार्यहरु जनस्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य रुपमा पालना गर्ने गरी सार्वजनिक यातायात लगायत सबै सेवा तथा कार्यहरु अर्को व्यवस्था नभए सम्मका लागि सुचारु गर्ने भनी मिति २०७७/०५/२१ मा बसेको नगरकार्यपालिकाको बैठकबाट निर्णय भएकोले सोही वमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

**आम नागरिक तथा व्यवसायीहरुले पालना गर्नुपर्ने शर्तहरु**

- पसलहरुमा अनिवार्य रुपमा डोरीको घेराबार गर्ने, सावुन पानीले हात धुने र सामाजिक तथा भौतिक दुरी कायम गर्ने व्यवस्था मिलाउने,
- बाहिरबाट समान ढुवानी गरी ल्याउने व्यवसायीहरुले ढुवानीमा प्रयोग हुने सवारी साधन तथा सो मा काम गर्ने व्यक्तिहरुलाई अनिवार्य रुपमा Disinfection गर्ने व्यवस्था मिलाएर मात्र ढुवानी तथा लोड अनलोडको व्यवस्था मिलाउने,
- सार्वजनिक यातायात सञ्चालन गर्दा चालक तथा यात्रुहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने र तोकिएको मापदण्ड वमोजिम मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउने,
- अत्यावश्यक काममा बाहेक घरबाट बाहिर ननिस्कने
- अत्यावश्यक काममा घर बाहिर निस्कन पर्ने भएमा अनिवार्य रुपमा मास्क लगाउने र समूहमा नहिड्ने
- भौतिक र सामाजिक दुरी कायम गर्ने
- केही वस्तुहरु छोएपछि वा घरबाहिरबाट घरभित्र प्रवेश गरेपछि अनिवार्य रुपमा मिचिमिची सावुन पानीले हातधुने वा स्यानीटाईजरको प्रयोग गर्ने
- स्वास्थ्यमा कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने
- सङ्क्रमित स्थान वा देशबाट क्वारेन्टिनमा नबसी विना सूचना समुदायमा प्रवेश गर्ने PCR नगरेका नागरिकहरुको बारेमा तुरुन्तै वडा वा नगरपालिकामा जानकारी गराउने,
- मठमन्दिरमा हुने नित्य पुजापाठ बाहेक भिडभाड हुने किसिमका अन्य कुनैपनि क्रियाकलापहरु, सबै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरु, अनावश्यक भिडभाड, सभाजुलुश, जात्रा महोत्सव, धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु सञ्चालन नगर्ने ।

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत